# मुनाल

नेपाल पन्छी संरक्षण संघ

त्रैमासिक पत्रिका | वर्ष १४ | अङ्क १/२ | पुष/चैत २०७०


# नेपालका आगन्तुक चराहरू र संरक्षण चुनौती

-कृष्ण भूसाल

हिउँद यामको सुरुवातसँगै जाडोले आफ्नो साम्राज्य बढाउँदै जाँदा पन्छी अवलोकनकर्ता र संरक्षणकर्मीमा भने खुशीको लहर छाउँदै आउँछ। यसको कारण हो हिउँद यामको जाडो छल्न नेपालका तल्लो हिमाली भेग, पहाड र तराईका विभिन्न भू-भाग तथा ताल, तलैया र नदी आसपासमा बसाइ सरी आउने पर्यटक चराहरूको विविधता र सयौँको संख्यामा देखिने झुन्ड। खासगरी उत्तरी ध्रुबमा हिमपातको सुरुवातसँगै अनकुल मौसम, सुरक्षित बासस्थान र चरनको खोजीमा वर्षेनी करीब एक सय पचास प्रजातिका चराहरू उत्तरी मुलुकहरू रुस, किर्जिस्तान, तुर्किस्तान, उज्वेकिस्तान, अजरबैजान, चीन, मङ्गोलियाका साथै युरोप, कोरिया तथा तिब्बती क्षेत्रहरूबाट नेपालमा आउँने गर्दछन्। यसैगरी करीब पचास प्रजातिका बटुवा चराहरू नेपालको बाटो हुँदै दक्षिणी मुलुक भारत, पाकिस्तान र श्रीलङ्कातिर जाने गर्दछन्। त्यस्तै गरी वर्षायाममा पनि नेपालमा बच्चा कोरल्नको लागि वर्षेनी हजारौं चराहरू भित्रिन्छन्। यसरी जाडो छल्न आउँने हिउँदे आगन्तुक चराहरू नेपालका प्रमुख सिमसार क्षेत्रहरू कोशीटप्पु वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, बीसहजारी ताल, जगदीशपुर ताल, घोडाघोडी ताल, शुक्लाफाँटा वन्यजन्तु आरक्ष तथा कोशी, गण्डकी, नारायणी नदी र त्यसका सहायक नदीहरूमा नै मूल रुपमा आफ्नो समय व्यतीत गर्दछन्। यी हिउँदे पर्यटक चराहरू नेपाल आउने क्रम भदौ मध्यदेखि पौष मध्यसम्म जारी रहन्छ भने चैत सम्ममा प्रायःजसो आफ्नो थाई बसोबासमा फर्किसकेका हुन्छन्। यसर्थ असोजदेखि चैत महिनासम्मको समयलाई आगन्तुक चराको सिजन मानिन्छ। यसरी जाडो याममा नेपालमा बसाइ सरी आउने चराहरूको अधिकांस हिस्सा हाँस प्रजातिले ओगटछन् भने अन्य प्रजातिहरूमा शिकारी तथा मांसाहारी चरा चाँचर, साना फिस्टा, अर्जुनक, इयाप्सी, भद्राई आदि पर्दछन्।



*गृष्म आगन्तुक स्वर्गचरी*





जाडो सकिँदै गर्दा हिउँदे आगन्तुक चराहरू आ-आफ्नो देश फिरिसकेका हुन्छन् भने दक्षिणी मुलुकहरू र अफ्रिकासम्म बाट ग्रीष्मकालीन आगन्तुक चराहरू बच्चा कोरल्न नेपाल आइसकेका हुन्छन् जुन असोज सम्ममा आफ्ना बच्चा हुर्काएर पुरानै बासस्थानमा फर्कन्छन्। यसरी आउने करीब चालीस प्रजातिका चराहरूको अधिकांस हिस्सा कोइली प्रजातिको हुन्छ भने अन्य मुरलीचरी, स्वर्गचरी, चित्रकपिट्टा, कटुस टाउके आदि रहन्छन्। ग्रीष्मकालीन आगन्तुक चराहरूको मुख्य बासस्थान भने वन र यस आसपासका घाँसे मैदान हुन्। यसरी नेपालमा आउने चराहरू हिउँदमा आउने हिउँदे आगन्तुक र बसन्त ऋतुको आगमनसँगै आउने ग्रीष्मकालीन आगन्तुक गरी आउने र जाने क्रम वर्षभरि नै निरन्तर चलिरहन्छ।

यी आगन्तुक चराहरू केही बिच बिचमा बास बस्दै र केहि सिधै उडेर हजारौँ माइलको यात्रा अनेकौँ जोखिमहरू पार गर्दै नेपाल आउने गर्दछन्। गन्तव्यसम्म पुग्ने दिशा तथा बाटो पहिचानका लागि यी चराहरू सूर्य तथा अन्य ताराहरू, नदी, भौगोलिक शृङ्खला, चुम्बकीय दिशा आदिको सहारा लिने गर्दछन्। यसरी चराहरूले बसाइसराइको बेला प्रयोग गर्ने बाटोलाई फ्लाई वे (Fly Way) भनिन्छ। बसाइ सरी आउने चराहरूमध्ये केहि विशेष प्रजातिका चराहरू छन् जस्तो खोया हाँस विश्वको सर्वोच्च शिखर सगरमाथाभन्दा माथि ६ हजार ३ सय ७५ मिटरबाट उडी जाडो याममा नेपाल आउँने गर्दछन्। त्यस्तै ग्रीष्म आगन्तुक जुरे कोइली अफ्रिका महादेशबाट करीब ५ हजार किलोमिटर लामो दुरी पार गर्दै नेपाल भित्रिन्छ। नेपालमा पाइने १६ प्रजातिका कोइलीमध्ये १५ प्रजातिले त आफ्नो गुँड नै बनाउँदैनन् र अण्डा अरु चराको गुँडमा पार्दिन्छन्। उक्त चराले आफ्नै सन्तान ठानेर कोइलीको बच्चालाई हुर्काईदिन्छ।

यसरी नेपालमा बसाइ सरी आउने चराहरू खासगरी बासस्थान संकुचन तथा विनाश, कृषिमा रासायनिक मलको बढ्दो प्रयोग, जलस्रोतमा विषादीको प्रयोग, वन फँडानी र अतिक्रमण, वन डढेलो, घाँसे मैदानको नाश, अवैध चरा शिकार तथा व्यापार, बदलिँदो तापमान र मौसम परिवर्तन जस्ता कारणहरूले संकटमा फँस्दै गईरहेका छन्।

शहरीकरण, औद्योगिकरण, आणविक प्रयोग, अम्लिय वर्षा र जलवायु परिवर्तन जस्ता समग्र पर्यावरणीय चुनौतिहरूले पनि यी प्रजातिहरूको विचरण र जीवन प्रक्रियालाई हाँक दिइरहेको छ। पछिल्ला वर्षहरूमा यसरी बसाइ सरी आउँने आगन्तुक चराहरूको संख्यामा कमी आएको विभिन्न अध्ययन प्रतिवेदन र चरा अवलोकनकर्ताहरूको अनुभूतिले बताउँछ। अशिक्षा र संरक्षण चेतनाको कमिका साथै जनसंख्याको बढदो चाप र गरीबीका कारण प्राकृतिक श्रोतमा अत्याधिक निर्भरताको प्रभाव स्वरुप यी चराहरूको आगमनमा देखिएको उल्लेख्य गिरावट चरा संरक्षणमा ठूलो चुनौतिको रुपमा विकसित हुँदै गइरहेको छ। ई.स. १९८७ देखि वर्षेनी नियमित रुपमा गरिँदै




*अवश्य सुन्नुहोस्।*

**पन्छी संसार**

**ईमेज एफ.एम. ९७.९ मा बिहान ७.४५ बजे**

**नेपाली महिनाको दोस्रो तथा चौथो शनिवार**




*हिउँदे आगन्तुक हरियो टाउके हाँस*



आइएको सिमसारमा आश्रित चराहरूको गणनाले हिउँदे आगन्तुक पानी चराहरूको अवस्था खतराउन्मुख रहेको देखाउँने गरेको छ। स्वयम्सेवी पन्छी अवलोकनकर्ता, स्थानीय बासिन्दा र संरक्षण संघ सस्थाले संयुक्त रुपमा गर्ने उक्त गणना कार्यक्रम प्रायः जनवरी महिनामा गरिन्छ। हिउँदे यामका आगन्तुक चराहरूको मुख्य आश्रयस्थल सिमसार भएकोले बिग्रँदो र खिइँदो सिमसारको स्वरुप, मिचाहा झारको प्रकोप र चोरी शिकारले यी पाहुना चराहरू प्रभावित भइरहेका छन्। ग्रीष्मकालीन पाहुना चराहरू मुलत वनमा आश्रित हुनु र यसै समयमा हुने भिषण वन डढेलो तथा विनासले गम्भीर संकट भेलिरहेका छन्। विभिन्न सिमसार क्षेत्र र वन पर्यावरणको सूचकका रुपमा हेरिने यी आगन्तुक चराहरूको संख्यामा आएको उल्लेख्य गिरावटले नेपालको बिग्रँदो वातावरणीय सन्तुलन र प्राकृतिक स्रोतहरूको ह्रासलाई जनाउँछ।

चरा संरक्षण विशुद्ध एकल अभियान हुन सक्दैन। यसलाई सहभागितामूलक जैविक विविधताको संरक्षण तथा दिगो व्यवस्थापन एवम् पर्यटन उद्योग र विकास सँगसँगै लैजानु पर्दछ। नेपालमा चरा अवलोकन लागि पनि थुप्रै बाह्य पर्यटकहरूको आगमन हुने हुनाले यी मौसमी आगन्तुक चराहरूको संरक्षण तथा बासस्थान व्यवस्थापन गरियो भने निश्चय नै हाम्रो देशलाई चरा अवलोकनका लागि उत्कृष्ट आकर्षक गन्तव्यको रुपमा परिचित बनाउँन सकिन्छ। आगन्तुक चराहरू हाम्रा पाहुना हुन्। पाहुनाको संरक्षण गर्नु र जैविक सन्तुलन कायम गर्नु हाम्रो कर्तव्य हो। यिनीहरूको संरक्षणमा जनसहभागिता र जनचासो अपरिहार्य छ साथै दिर्घकालीन संरक्षण स्थानीय समुदाय, परम्परागत जाति, संरक्षण समूहहरू, राजनैतिक शक्ति, सरकारी, गैरसरकारी र निजी क्षेत्रको समन्वयात्मक क्रियाशीलता, एकिकृत सोच, अवधारणा र कार्यक्रमहरू बाट नै सम्भव छ। नेपालमा विद्यमान महत्वपूर्ण पन्छी क्षेत्र (Important Bird Areas) को नियमित अध्ययन, तथा अध्यावधि तथा क्षेत्र विस्तारका साथै सम्भावित नयाँ क्षेत्रको पहिचान एवम् विस्तृत अध्ययन अनुसन्धान र संरक्षणमुखी क्रियाकलापको खाँचो छ। अन्यथा यी आगन्तुक चराहरूको आगमनबाट बिमुख बनी अभिशापी भई बाँच्नुपर्ने छ र यी सहजीवीको सम्झना ऐतिहासिक कथा र तस्वीरमा मात्र सिमित रहनेछ।

*स्थल जीवविज्ञ*
*नेपाल पन्छी संरक्षण संघ*
*लाजिम्पाट, काठमाण्डौ, नेपाल*
*krishna@birdlifenepal.org*

'चरालाई चार' अभियानमा सहकार्य गरौं।
a BCN initiative to save Nepal's endangered birds.
PLEDGE AND DONATE TODAY

# प्रकृतिका उपहार
# चरा-चरी



*काफल पाक्यो भनेर*
*खबर दिन्छ बनको*
*कुरा बुझी मनको। १२*
*बीउ कुहयो भन्दछ*
*धान रोप्ने बेलामा*
*हामी जाने मेलामा। १३*
*कोहो कोहो भनेर*
*सोद्द छ आउने जानेलाई*
*ऐंसेलु काफल खानेलाई। १४*
*कागले दिन्छ खबर*
*काँ काँ गरी कराउँदै*
*जान कारी गराउँदै। १५*
*प्रकृतिमा रमाउने*
*थरी थरी चरा छन्*
*बन हराभरा छन्। १६*
*बनभित्र रमाउछन्*
*फल-फूल खाएर*
*चोखो माया लाएर। १७*
*बिदेशी पाहुना चराले*
*नेपाल भ्रमण गर्दछन्*
*ताल सिम्सार भर्दछन्। १८*
*अतिथिको स्वागत*
*गर्नु पर्छ मनले*
*शान्ति दिन्छ बनले। १९*
*ईन्को बास स्थान*
*संरक्षण गर्नुछ*
*सबै अघि सर्नुछ। २०*
*छलगरी रावण*
*आयो जोगी बनेर*
*सीता लान भनेर। २१*
*आर्तनाद पुँकार*
*सीताजीको सुनेर*
*आयो मनले गुनेर। २२*
*आयो गरुड झम्टन*
*रावण सङ्ग लड्न लाई*
*दिएन अघि बढ्न लाई। २३*
*अन्यायको विरुद्ध*
*लड्ने गरुड गिद्ध हुन्*
*उपकारी सिद्ध हुन्। २४*

ताराप्रसाद श्रेष्ठ
मो. ९८४७२५६३२५





# समाचार संक्षेप

## नेपाल पन्छी संघको ३१ औँ वार्षिक साधारणसभा सम्पन्न

नेपाल पन्छी संघले आफ्नो ३१ औँ साधारण सभा गत ३० डिसेम्बर २०१३ मा आयोजना गरेको थियो। साधारण सभामा सरकारी पदाधिकारीहरू, नेपाल पन्छी संघका संरक्षक, सदस्यहरू तथा विभिन्न संरक्षण संस्थाका प्रतिनिधिहरूको सहभागिता थियो।



वन तथा भू-संरक्षण मन्त्रालयका महानिर्देशक ब्रजकिशोर यादवको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा नेपाल पन्छी संघका सचिव भेषराज घिमिरेले संस्थाको वार्षिक प्रगति विवरण र आगामी वर्षको योजना प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा नेपाल पन्छी संघका कार्यकारी परिषद्का कोषाध्यक्ष युवराज बस्नेतले वर्ष सन् २०१२/२०१३ को आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने प्रमुख कार्यकारी अधिकृत डा. सुशीला नेपालीले 'बर्डलाइफ इन्टरनेशनल' को रणनीति प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा भेटेरिनरी डाक्टर नवरत्न प्रधानले चितवन कसरास्थित गिद्ध संरक्षण तथा प्रजनन् केन्द्रको प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो भने ज्योतेन्द्र ज्यू ठकुरीले खरमजुर चराको बारेमा नेपाल पन्छी संरक्षणले गरेको अनुसन्धानको बारेमा प्रस्तुति दिनुभएको थियो। कार्यक्रममा करिब ७० जना सदस्य तथा साझेदारहरूको सहभागिता थियो।

## गिद्ध संरक्षण सम्बन्धमा अन्तर्क्रिया तथा जनचेतना कार्यक्रम

नेपाल पन्छी संरक्षण संघ र नेपाल पाराभेटेरिनरी एन्ड लाइभस्टक एसोसिएसन जिल्ला कमिटी कपिलवस्तुको संयुक्त तत्वावधानमा २ डिसेम्बर २०१३ मा गिद्ध संरक्षण कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा सहभागी संरक्षणविद् तथा भेटेरिनरीविद्हरूले डाइक्लोफेनेकको गैरकानुनी प्रयोगले गिद्धहरूको विनाश भएकाले त्यसको प्रयोगमा रोक लगाउनुपर्ने कुरामा जोड दिनुभएको थियो। कार्यक्रममा १८ जना महानुभावको उपस्थिति थियो।

नेपाल पन्छी संरक्षण संघ र अँधेरी चरचरे सामुदायिक वनले संयुक्त रूपमा पाल्पाको मदनपोखरामा ३ डिसेम्बरमा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो। कार्यक्रममा १ सय २८ जना महानुभावहरूको सहभागिता थियो।

नेपाल पन्छी संरक्षण संघ र जनप्रिय सामुदायिक वन समुदायको संयुक्त तत्वावधानमा गोब्रडिया दाङमा ६ डिसेम्बर, २०१३ जनचेतना कार्यक्रम आयोजना गरेको थियो। उक्त कार्यक्रममा जनप्रिय सामुदायिक जन उपभोक्ता समूहका सदस्य, उक्त क्षेत्रका क्लबका सदस्यहरू, कृषक, शिक्षक, विद्यार्थी र जनसमुदाय गरी ३२ जनाको सहभागिता थियो।

नेपाल पन्छी संरक्षण संघले दाङको नरती सामुदायिक वन उपभोक्ता संयोजन समूह, कालिका सामुदायिक वन उपभोक्ता समूह, उचनिम्बु सामुदायिक वन उपभोक्ता समूहसँग सहकार्य गरी सतबरियामा डिसेम्बर ७, २०१३ मा जनचेतना कार्यक्रम सञ्चालन गरेको थियो। कार्यक्रममा सम्बन्धित वन उपभोक्ता समूहका सदस्यहरू, उक्त क्षेत्रका क्लबका सदस्यहरू, कृषक, शिक्षक, विद्यार्थी र जनसमुदाय गरी २३ जनाको सहभागिता थियो।

जिल्ला पशु कार्यालय दाङ र नेपाल पन्छी संरक्षण संघको स्थानीय साझेदार संस्था वातावरणीय स्थायित्व तथा विकासको संयुक्त आयोजनामा १८ डिसेम्बर २०१३ मा जिल्लास्तरीय भेटेरिनरीहरूको एकदिने कार्यशाला आयोजना गरिएको थियो। उक्त कार्यक्रममा दाङ जिल्लाका भेटेरिनरी पेसासँग सम्बन्धित विज्ञ तथा भेटेरिनरी व्यवसायीहरू गरी २८ जनाको सहभागिता थियो। कार्यक्रममा सहभागी सबैले गिद्ध तथा अन्य पन्छीहरूको संरक्षण गर्न डाइक्लोफेनेकको प्रयोगमा तत्कालै प्रतिबन्ध लगाउनुपर्ने धारणा राखेका थिए।

नेपाल पन्छी संरक्षण संघ तथा वेली सामुदायिक वन उपभोक्ता समूहको संयुक्त आयोजनमा बेली, कैलालीमा १८ डिसेम्बर २०१३ मा कैलालीको बेलीमा एकदिने कार्यशाला आयोजना गरिएको थियो। कार्यक्रममा बेली सामुदायिक वन उपभोक्ता समूहका सदस्य, उक्त क्षेत्रका क्लबका सदस्य, शिक्षक, विद्यार्थी, किसान र जनसमुदाय गरी २७ जनाको सहभागिता थियो।

नेपाल पन्छी संरक्षण संघले दाङको ESDRC सँगको आयोजनामा दाङको रामपुरमा २० डिसेम्बर २०१३ मा जनचेतनामूलक कार्यक्रम आयोजना गरेको थियो। १ सय ६० स्थानीयको सहभागिता रहेको उक्त कार्यक्रममा ६ वटा महिला बचत समूहका महिला दिदीबहिनीहरूको सहभागिता थियो। सहभागीहरूबीच भएको अन्तर्क्रियाले डङ्गर गिद्ध गिद्धको नयाँ बासस्थान पत्ता लगाउँन सहयोग पुगेको थियो भने अर्को क्षेत्रमा १४ सक्रिय वासस्थान पत्ता लागेको थियो।

नेपाल पन्छी संरक्षण संघ र नेचर गाइड एसोसिएसनले कञ्चनपुर, पिप्लडीमा २० डिसेम्बर २०१३ मा संयुक्त रूपमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेको थियो। कार्यक्रममा ३६ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा नेचर गाइड एसोसिएसन शुक्लाफाँटाका सदस्यहरू, शुक्लाफाँटा त्रिशक्ति मध्यवर्ती क्षेत्र स्रोत केन्द्रका सदस्यहरू, स्थानीय युवा क्लबका सदस्यहरू, कृषक, शिक्षक, विद्यार्थी तथा जनसमुदायहरूको सहभागिता थियो।

विभिन्न जिल्लामा आयोजना गरिएका अन्तर्क्रिया, कार्यशाला लगायतका कार्यक्रममा गिद्धको महत्व, गिद्ध संरक्षणका समस्या र चुनौती, गिद्ध संरक्षणका लागि डाइक्लोफेनेकको प्रयोगमा प्रतिबन्ध लगाउनुपर्ने, संरक्षणमा स्थानीय समुदायको सहभागिता हुनुपर्ने लगायतका विषयमा छलफल भएको थियो।





## आगन्तुक पन्छीहरूको स्वागत कार्यक्रम

नेपाल पन्छी संघले गत ११ जनवरीमा काठमाण्डौको टौदहमा 'आगन्तुक पन्छी स्वागत' कार्यक्रम आयोजना गरेको थियो। उक्त कार्यक्रम स्थानीय न्यू टौदह क्लब तथा श्री कर्कोटक नागराज नागरानी व्यवस्थापन समाजको सहकार्यमा आयोजना गरिएको थियो। पाहुना चराहरूका बारेमा सचेतना जगाउँने तथा तिनको बासस्थानको संरक्षण गर्ने उद्देश्यले उक्त 'आगन्तुक पन्छी स्वागत' कार्यक्रम आयोजना गरिएको हो। साथै, जनवरी ११ देखि एसिया महादेशभरि सुरु हुने 'मिड विन्टर वाटर फ्लो सेन्सस' पनि सुरु गरिएको थियो।

काठमाण्डौबाट करिब ८ किलोमिटर दक्षिण-पश्चिममा पर्ने टौदह क्षेत्रमा १ सय २० प्रजातिका चरा पाइन्छन्। टौदहमा आउने अधिकांश चरा जाडो यामका पाहुना चरा हुन् जो मङ्गोलिया, तिब्बत-चीन, साइबेरिया र उत्तर-पूर्वी युरोपेली मुलुकमा बच्चा कोरल्ने गर्छन्। टौदह र आसपासको क्षेत्र दक्षिण भारत, श्रीलङ्का, मध्यपूर्वका देशहरूबाट आउने गर्मीयामका पाहुना चराहरू युरेसियन कुक्कु, पाइड थर्स, एसियन प्याराडाइज फ्लाई क्याचरका लागि पनि उत्तिकै महत्वपूर्ण छ।

उक्त कार्यक्रममा स्थानीय बासिन्दा, विद्यार्थी, चराप्रेमी तथा नेपाल पन्छी संरक्षण संघका सदस्यहरू लगायतका ८० जना व्यक्तिहरूको सक्रिय सहभागिता थियो। नेपाल पन्छी संरक्षण संघको परिचय र पाहुना चराहरूका बारेमा जानकारीमूलक प्रस्तुतिबाट सुरु भएको कार्यक्रममा पन्छी अवलोकन कार्यक्रम पनि गरिएको थियो। उक्त कार्यक्रममा 'विङग्ड् माइग्रेसन' (Winged Migration) शीर्षकको वृत्तचित्र पनि प्रदर्शन गरिनुका साथै नेपाल पन्छी संरक्षण संघले प्रकाशन गरेको पोस्टर, पम्प्लेट, लिफलेट लगायतका सूचना सामग्री पनि वितरण गरिएको थियो। त्यस्तै त्यहाँ आउने पर्यटकहरूका लागि टौदह क्षेत्रमा आउने पाहुना चराबारे जानकारी दिने उद्देश्यले त्यहाँ पाइने चराहरूको फ्लेक्सहरू पनि स्थानीय क्लबलाई वितरण गरिएको थियो। उक्त कार्यक्रममा नेपाल पन्छी संरक्षण संघले सञ्चालन गरिरहेको 'चरालाई चार' सहयोग संकलनका लागि केही रकम पनि संकलन गरिएको थियो। कार्यक्रममा १४ प्रजातिका सिमसार निर्भर चराहरू देखिएको थियो।

## गिद्ध संरक्षणमा जनचेतना कार्यक्रम

रूपन्देहीको गरगरेमा २७ जनवरी २०१४ मा सामुदायिक सचेतनामूलक कार्यक्रम आयोजना गरिएको थियो। उक्त कार्यक्रम बिसही क्षेत्रीय वन कार्यालय, गरगरे पशु उपकेन्द्र, गैँडाताल जटायु रेस्टुरेन्ट व्यवस्थापन समिति, रुद्रपुर सामुदायिक वन उपभोक्ता समूह तथा नेपाल पन्छी संरक्षण संघको संयुक्त तत्वावधानमा भएको थियो। कार्यक्रममा विभिन्न वन उपभोक्ता समूहका सदस्य, भेटेरिनरी, वन कार्यालयका पदाधिकारी, स्थानीय राजनीतिक दलका नेता, शिक्षक, विद्यार्थी, तथा नेपाल पन्छी संरक्षण संघका पदाधिकारीहरूको सहभागिता थियो।




कार्यक्रममा गिद्धको महत्व, तिनको संरक्षणका समस्या र चुनौती लगायतका विषयमा छलफल गरिएको थियो। साथै, गिद्ध संरक्षणका लागि गिद्ध सुरक्षित क्षेत्रको आवश्यकताका बारेमा पनि छलफल गरिनुका साथै गिद्ध संरक्षणका लागि सामुदायिक वन सञ्चालन योजनामा गिद्ध संरक्षण कार्यक्रमलाई समावेश गर्नुपर्ने छलफल गरिएको थियो। उक्त कार्यक्रममा गिद्ध संरक्षणको वृत्तचित्र पनि प्रदर्शन गरिएको थियो।







## चरा अवलोकन बारे अभिमुखीकरण तालिम

नेपाल पन्छी संरक्षण संघले पन्छी तथा चरा अवलोकन बारे अभिमुखीकरण तालिम सञ्चालन गरेको थियो। रूपन्देही बुटवलको न्यू होराइजन कलेजका विद्यार्थीहरूलाई प्रदान गरिएको उक्त अभिमुखीकरण तालिम ५ फेब्रुअरी २०१४ मा आयोजना गरिएको थियो। तालिममा विद्यार्थीहरूलाई चराको महत्वका बारेमा जानकारी दिइएको थियो भने पन्छी पहिचान तरिकाबारे जानकारी दिइएको थियो। करिब ६० विद्यार्थी तथा शिक्षक सहभागी भएको उक्त तालिम कार्यक्रममा गिद्ध संरक्षण शीर्षकको वृत्तचित्र पनि प्रदर्शन गरिएको थियो र सहभागीहरू गिद्ध संरक्षण कार्यबाट निकै प्रभावित भएका थिए।

उक्त कार्यक्रमा सहभागीहरूलाई पन्छी संरक्षणका विविध सूचना सामग्री वितरण गरिनुका साथै नेपाल पन्छी संघका बारेमा पनि बिस्तृत जानकारी दिँदै सदस्यताका प्रकार र सदस्यता लिने प्रावधानका बारेमा जानकारी उपलब्ध गराइएको थियो। कार्यक्रमका अधिकांश विद्यार्थी नेपाल पन्छी संघको सदस्यता लिन इच्छुक देखिएका थिए।







## कृषकहरूका लागि गिद्ध संरक्षण जनचेतना कार्यक्रम

नेपाल पन्छी संरक्षण संघको सहयोगमा जटायु रेस्टुरेन्ट व्यवस्थापन समितिले रुपन्देही ठाकुरपुरका कृषकहरूलाई लक्षित गर्दै गिद्ध संरक्षण जनचेतना कार्यक्रम आयोजना गरेको थियो। १२ फेब्रुअरी, २०१४ मा भएको उक्त कार्यक्रममा स्थानीय कृषक, नवदुर्गा सामुदायिक वन उपभोक्ता समितिका सदस्य, स्कुल शिक्षक तथा स्थानीय वन कार्यालयका कर्मचारीहरूको सहभागिता थियो।

सहायक वन अधिकृत मुसाफिर भगत, नवदुर्गा सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष नन्दकिशोर जैसवाल, जटायु रेस्टुरेन्ट व्यवस्थापन समितिका संयोजक बाबुराम मल्ल, नेपाल पन्छी संरक्षण संघका फिल्ड अधिकृत भूपाल नेपाली लगायतले गिद्धको महत्वका बारेमा प्रकाश पार्दै गिद्ध संरक्षित क्षेत्रको आवश्यकता व्यक्त गर्नुभएको थियो। साथै, उक्त कार्यक्रममा सहभागीहरूले गिद्ध संरक्षणमा समुदायको महत्वका बारेमा पनि प्रकाश पार्नुभएको थियो।

कार्यक्रममा गिद्ध विनाशका कारणहरूबारे सहभागी सबैलाई अवगत गराइएको थियो र गिद्ध विनाशको प्रमुख कारक घातक विषादी डाइक्लोफेनेकको गैरकानुनी प्रयोगमा प्रतिबन्ध लगाउनुपर्ने धारणा प्रस्तुत गरिएको थियो।

## महत्वपूर्ण पन्छी क्षेत्र (IBA) अनुगमन तालिम

नेपाल पन्छी संरक्षण संघले मार्च ३ देखि ५ सम्म सौराहा, चितवनमा महत्वपूर्ण पन्छी क्षेत्र तथा जैविक विविधता अनुगमन तालिम आयोजना गरेको थियो। उक्त तालिममा २० जनाभन्दा बढीको सहभागिता थियो। तालिमको मुख्य उद्देश्य प्रतिनिधिहरूलाई महत्वपूर्ण पन्छी क्षेत्र अनुगमन गर्ने तरिकाको ज्ञानको बृद्धि गर्ने तथा महत्वपूर्ण पन्छी क्षेत्र अनुगमनको लागि राष्ट्रिय कार्यक्रमको तयार गर्नु थियो।




कार्यक्रम चितवन राष्ट्रिय निकुञ्जका प्रमुख वार्डेन कमलजङ्ग कुँवरको प्रमुख आतिथ्यमा भएको थियो। कार्यक्रममा बोल्दै कुँवरले वातावरणीय स्वास्थ्यको सूचक चराहरूको महत्व हुने बताउँदै पन्छीहरूको अनुगमनबाट



| | |
|---|---|
| सम्पादक | भेषराज घिमिरे |
| समन्वयकर्ता | सुष्मा श्रेष्ठ |
| लेआउट | क्यालिग्राफिक डिजाइन स्टुडियो |
| प्रकाशक | नेपाल पन्छी संरक्षण संघ |





चराहरूको महत्वपूर्ण स्थानहरूको अवस्थाबारे मात्र जानकारी पाइने नभई जैविक विविधताको सम्पूर्ण अवस्थाका बारेमा जानकारी पाइने कुरा व्यक्त गर्नुभयो।

कार्यक्रममा नेपाल पन्छी संरक्षण संघका संयोजक इशाना थापाले प्रतिनिधिहरूको क्षमता बृद्धिमा महत्वपूर्ण हुने र यसले उपयुक्त चराहरू पाइने महत्वपूर्ण क्षेत्र (IBA) अनुगमन कार्यक्रम तर्जुमा गर्न मद्दत पुग्ने कुरा व्यक्त गर्नुभयो। साथै उहाँले तालिम प्राप्त महत्वपूर्ण पन्छी क्षेत्र (IBA) का प्रतिनिधिहरूबाट आगामी दिनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अवस्थाको विश्लेषण गर्न नवीन सूचनाहरू उपलब्ध हुने कुरा बताउँनु भयो।

## गिद्ध संरक्षण जनचेतना कार्यक्रम

कपिलवस्तु जिल्लाको बाणगंगामा गत १२ मार्च २०१४ मा गिद्ध संरक्षण कार्यक्रम सञ्चालन गरिएको थियो। नेपाल पन्छी संरक्षण संघको प्राविधिक सहयोगमा लालमटिया सामुदायिक वन तथा प्रतिभा सामुदायिक वनले संयुक्त रूपमा आयोजना गरेको उक्त कार्यक्रम स्थानीय समुदायमा लोपोन्मुख प्रजातिका चराहरूका बारेमा जनचेतना जगाउने तथा उनीहरूलाई संरक्षण कार्यमा सहभागी गराउने उद्देश्यले आयोजना गरिएको हो।

कपिलवस्तुको लालमटिया सामुदायिक वन तथा प्रतिभा सामुदायिक वन क्षेत्र संकटापन्न डंगर गिद्धको वासस्थान हो। उक्त कार्यक्रममा नेपाल पन्छी संरक्षण संघका फिल्ड बायोलोजिस्ट कृष्ण भूषालले गिद्धहरूको वर्तमान अवस्था, तिनलाई संरक्षण गर्ने तरिका र तिनलाई संकटबाट जोगाउन गर्नुपर्ने उपायहरूका बारेमा प्रस्तुति दिनुभएको थियो। त्यस्तै, लाटमाटिया सामुदायिक वनका अध्यक्ष उदयराज थारुले वन स्रोत व्यवस्थापनका बारेका योजना प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा ३७ जना विभिन्न क्षेत्रका प्रतिनिधिहरूको सहभागिता थियो। सामुदायिक वन, आमा समूह, स्थानीय क्लब, शिक्षक, पत्रकार, सामाजिक कार्यकर्ताहरूको सहभागिता थियो। जनचेतना कार्यक्रमपछि वन रक्षक र सामदायिक वन उपभोक्ता समितिका सदस्यहरू सहितको उक्त समूहले गिद्धको वासस्थानको निरिक्षण भ्रमण गरेको थियो। सो क्रममा विद्यमान बासस्थानभन्दा अलिकति दक्षिणतिर गिद्धका थप नौवटा बासस्थान पत्ता लागेको थियो।

## सदस्यता प्रदान

श्री टेकबहादुर इङ्देनले नेपाल पन्छी संरक्षणको आजीवन सदस्यता प्राप्त गर्नुभएको छ। उहाँ पन्छीमा विशेष रुचि राख्नुहुन्छ।

श्री हीरालाल डंगोलले नेपाल पन्छी संरक्षणको आजीवन सदस्यता प्राप्त गर्नुभएको छ। वरिष्ठ कलाकार श्री डंगोल चरा चित्रकलामा विशेषज्ञ मानिनु हुन्छ। सन् १९७५ मा प्रकाशित फेमिङ्गको चर्चित पुस्तक 'नेपालका चराहरू' मा चराको चित्र डंगोलले बनाउनु भएको हो।




*यस त्रैमासिक पत्रिकाको प्रकाशन सहयोगी संस्थाहरू*

सन्राइज बैंक लिमिटेड
SUNRISE BANK LIMITED
RISING TO SERVE
www.sunrisebank.com.np
नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको संस्था
प्रधान कार्यालय तथा मुख्य शाखा: सन्राइज प्लाजा, जैद्गीधारा क्रसिङ, काठमाडौं
फोन: +९७७-१-४००४५६४, ४००४५६० फ्याक्स: +९७७-१-४४२२४७५ इमेल: info@sunrisebank.com.np

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A joint-Venture with punjab national bank, India)

rspb giving nature a home

BirdLife INTERNATIONAL





# बर्डलाईफ इन्टरनेशनल
## BirdLife International

**BirdLife International** विश्वभरिका चरा संरक्षण गर्ने संस्थाहरूसँग साझेदारी, प्रतिनिधि नियुक्त गरेर वा लगनशील पन्छीविद् व्यक्तिहरूसँग मिलेर काम गर्ने संस्था हो। नेपाल पन्छी संरक्षण संघ यस संस्थाको नेपालको लागि साझेदार संस्था हो।

**BirdLife International** ले विश्वभरिका चराहरू र त्यसको वासस्थान संरक्षणका लागि काम गर्नु र यसबाट जैविक विविधता जगेर्ना गर्ने गर्दछ। यसले चराहरूलाई परिरहेको समस्या तिनीहरूको वासस्थान र विश्व वातावरणलाई सामाजिक, आर्थिक र साँस्कृतिक पक्षसँग अन्तर सम्बन्ध स्थापित गरी वातावरणीय तथा सामुदायिक दिगो विकास गर्ने प्रमुख लक्ष्य राखेको छ।

**BirdLife International** ले चराहरूका लागि महत्वपूर्ण योगदान गरेको छ। चराहरू वातावरणका संकेतक हुन् र यिनीहरूले वातावरणीय प्रक्रियामा महत्वपूर्ण योगदान गर्दछन्। यिनीहरूले मानवको प्राकृतिक प्रक्रिया बुझ्न मद्दत गर्दछ। पन्छीहरूको निकै ठूलो आर्थिक महत्व छ र तिनीहरूले मानव समुदायलाई धार्मिक तथा साँस्कृतिक रूपले शताब्दीऔंदेखि उत्साहित र आनन्दित पार्दै आएका छन् जसले वातावरणीय चेतना बढाउँने अन्तर्राष्ट्रिय दूतको रूपमा महत्वपूर्ण भूमिका खेल्दै आएका छन्।

### *BirdLife International कार्यक्रम तथा उद्देश्यहरू*

१. विश्वव्यापी रुपमा पन्छी विविधता तथा तिनका वैज्ञानिक अध्ययन अनुसन्धान र अनुगमन गर्ने।

२. विश्वव्यापी रुपमा पन्छी संरक्षण र यिनीहरूको विविधता, प्राकृतिक स्रोतको दिगो विकासका बारेमा नियम बनाउँने तथा त्यसबारे प्रकाश पार्ने।

३. वन्यजन्तु र मानव समाजका लागि सामुदायिक रूपमा भू-भागको सदुपयोग गर्न राष्ट्रिय रूपमा कार्यक्रम गर्ने।

४. पन्छी र यसको संरक्षणका लागि विभिन्न मुलुकमा रहेका संरक्षण सम्बन्धी संस्था तथा व्यक्तिहरूसँग सम्बन्ध स्थापित गर्ने।

बर्डलाईफ इन्टरनेशनलका प्रमुख कार्यहरू मध्ये पन्छीहरूका महत्वपूर्ण क्षेत्रहरू (Import Bird Area, IBA) पत्ता लगाई त्यसको तथ्याङ्क राख्नु हो। नेपालमा पनि पन्छीका महत्वपूर्ण क्षेत्रहरू तयार पार्ने कार्य नेपाल पन्छी संरक्षण संघले गरेको छ।

# नेपाल पन्छी संरक्षण संघ
## *Bird Conservation Nepal*

नेपाल पन्छी संरक्षण संघ चरा र चराको बासस्थानको संरक्षणमा काम गर्ने अग्रणी गैर सरकारी संस्था हो। सन् १९८२ मा स्थापित यस संस्थाको जनसाधारणमा चराहरुका बारेमा ज्ञान अभिबृद्धि गर्ने, चराहरूको विविधता तथा जीवनचक्रबारे अनुसन्धान गर्ने, चराहरूलाई पर्ने प्रमुख खतरा पत्ता लगाउने र तिनीहरूको वासस्थान संरक्षण गरि विभिन्न समुदायको जीविकोपार्जनमा पनि टेवा दिने मूल सिद्धान्त रहेको छ। यस संस्थाले विगतका वर्षहरूमा जैविक विविधता संरक्षणका साथै नेपालका २७ पन्छी संरक्षणका लागि आवश्यक पर्ने अन्तर्राष्ट्रिय स्तरको क्षेत्रहरू घोषणा गरि कार्यक्रम गर्दै आइरहेको छ।



नेपाल पन्छी संरक्षण यसका संस्थापक, अध्यक्ष, संरक्षकहरू, आजीवन सदस्यहरू, संघका शुभचिन्तकहरू तथा क्रियाशील समर्थकहरू रहेका संस्था हो।

यो संघ अन्तर्राष्ट्रिय संस्था बर्डलाईफ इन्टरनेशनलका १२० सदस्य देशहरू मध्येमा यस संस्था पनि Partner संस्था हो भने, हाल यसले एसियाकै सकंटापन्न जटायु संरक्षणमा देशभरी विभिन्न कार्यक्रमहरू कार्यान्वयन गरिरहेको छ।

नेपाल पन्छी संरक्षण संघ
पोष्ट बक्स १२४६५, काठमाडौं, नेपाल
फोन ४४१७८०५, ४४२०२१३, फ्याक्स ४४१३८८४
इमेल bcn@birdlifenepal.org
वेबसाइट www.birdlifenepal.org

*© २०७० सर्वाधिकार नेपाल पन्छी संरक्षण संघमा निहित छ। यसमा प्रकाशित लेख र रचना लेखकका आफ्नै विचारहरू हुन्।*